# तिलोत्तमा नगरपालिका

स्थानीय तह, कृषि सेवा अन्तर्गतका भेटेरिनरी र लाइभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेण्ट समूह, राजपत्र अनंकित द्वितीय श्रेणी, नायव प्राविधिक सहायक वा सो सरह पदको खुला प्रतियोगितात्मक परीक्षाको पाठ्यक्रम

**पाठ्यक्रमको रुपरेखाको आधारमा निम्नानुसार चरणमा परिक्षा लिईने छः**

**प्रथम चरणः- लिखित परीक्षा** **पूर्णाङ्कः- ४०**

**द्वितीय चरणः अन्तरवार्ता, योग्यता र क्षमता** **पूर्णाङ्कः- ६०**

**प्रथम चरणः लिखित परीक्षा योजना**

| बिषय | पूर्णाङ्क | उतीर्णाङ्क | परीक्षा प्रणाली | प्रश्न संख्या | समय |
|---|---|---|---|---|---|
| सेवा सम्बन्धि | ४० | १६ | बहुबैकल्पिक प्रश्न | ४० प्रश्न, १ अंक | ४० मिनेट |

द्वितीय चरणः अन्तरवार्ता, योग्यता तथा क्षमता

| बिषय | पूर्णाङ्क | परीक्षा प्रणाली |
|---|---|---|
| अन्तरवार्ता, योग्यता तथा क्षमता | ६० | मौखिक र आवश्यक शैक्षिक प्रमाणहरु |

द्रष्टव्यः

१. यो पाठ्यक्रम योजनालाई लिखित परीक्षा र प्रतियोगात्मक अन्तरवार्ता दुई चरणमा बिभाजन गरिएको छ ।

२. प्रश्नपत्र अङग्रेजी र नेपाली दुवै भाषामा हुनेछ ।

३. बस्तुगत बहुबैकल्पिक प्रश्नहरुको गलत उत्तर दिएमा प्रत्ययक गलत उत्तर वापत २० प्रतिशत अङ्क कट्टी गरिनेछ । तर उत्तर नदिएको अवश्थामा भने त्यस वापत कुनै अंक काटिने छैन ।

४. परीक्षामा कुनै प्रकारको बिधुतीय उपकरण, मोवाईल, क्याल्कुलेटर आदि प्रयोग गर्न पाईने छैन ।

५. लिखित परीक्षामा यथा सम्भव निम्नअनुसार प्रश्नहरु सोधिनेछन् ।

| पाठ्यक्रम ईकाइ | १ | २ | ३ | ४ |
|---|---|---|---|---|
| प्रश्न सख्या | ८ | १६ | १२ | ४ |

६. यस पाठ्यक्रम योजनम अन्तर्गतका पत्र/बिषयवस्तुमा जेसुकै लेखिएको भएतापनि पाठयक्रममा परेका कानून, एन, नियम तथा नीतिहरु परीक्षाको मिति भन्दा ३ महिना अगाडि (संशोधन भएका वा संशोधनभई हटाईएका वा थप गरी संशोधनभई) कायम रहेकालाई यस पाठ्यक्रममा परेको सम्झनु पर्दछ ।

७. प्रथम चरणको लिखित परिक्षामा उर्तीण भई छनौटमा परेका उम्मेदवारलाई मात्र द्वितीय चरणको अन्तरवार्तामा सम्मिलत गराईनेछ ।

८. पाठ्यक्रम लागू मितिः २०७६।०७।२९

## सेवा सम्वन्धी

### १. कृषि, पशुपंक्षी तथा मत्स्य सम्बन्धी

१.१ नेपालको संविधानमा कृषि तथा खाद्यसम्वन्धी व्यवस्था

१.२ नेपालमा पशुपंक्षी तथा मत्स्य पालनको संक्षिप्त इतिहास तथा वर्तमान अवस्था

१.३ चालु आवधिक योजनामा पशुपंक्षी तथा मत्स्य विकासको उद्देश्य, नीति तथा मत्स्य र पशुपंक्षी क्षेत्रगत विकास कार्यक्रमको प्राथमिकता, लक्ष्य एंव कार्यान्वयन रणनीति

१.४ नेपालको अर्थतन्त्रमा पशुपंक्षी तथा मत्स्य विकासको महत्व

१.५ पशुपंक्षी तथा मत्स्य विकास कार्यक्रममा ऋण, बिमा, उत्पादन सामग्री, औजार तथा उपकरण, बजार तथा मुल्य व्यवस्था

१.६ पशुपंक्षी तथा मत्स्यको दिगो एवं व्यवसायिक उत्पादन

१.७ कृषि विकासमा कृषि/पशु सेवा प्रसारको महत्व, सीमितता र प्रभावकारीता

१.८ कृषि/पशुपंक्षी/मत्स्य प्रसारका विभिन्न तरिकाहरु र तिनको तुलनात्मक फाइदा र सीमितता

१.९ कृषि विकासमा ग्रामिण पूर्वाधार सिँचाई, कृषि सडक आदिको महत्व

### २. भेटेरीनरी

२.१ आन्तरिक परजीवी (Internal Parasites) नाम्ले जुका (Liverfluke), गोलो जुका (Round Worm), फिते जुका (Tape Worm), कक्सिडियोसिस (Coccidiosis), रक्त परिजीवि (Blood Protozoan Disease)का प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.२ वाह्य परजीवी (External Parasites) किर्ना (Ticks), जुम्रा (Lice), उपियाँ (Fleas) तथा लुतो (Mange) का प्रमुख लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.३ प्रमुख ब्याक्टेरियल रोगहरुः भ्यागुते रोग, पटके रोग , चरचरे रोग, इन्टेरोटोसेमिया, थुनेलो, क्षयरोग र जोन्स रोग, काफ स्कोर र कोलिव्यासिलोसिस, फाउल टाइफाइड, कुखुराको हैजा, पुल्लोरम, खुर कुहिने रोग, ब्रुसेलोसिस तथा माइकोप्लाज्मोसिसका लक्षण, रोग निदान, उपचार तथा रोकथाम

२.४ प्रमुख भाइरल रोगहरु गौगोटी, पि.पि.आर, एभियन ईन्फ्लुएन्जा, एभियन लिम्फोइड ल्युकोसिस, खोरेत, रेविज, स्वाईन फिभर, कुखुराको विफर, गम्बोरो, रानीखेत तथा म्यारेक्स रोगका लक्षण, निदान, उपचार तथा रोकथामः

२.५ निम्न प्रजनन सम्बन्धी विकृतिः कारण, लक्षण, उपचार तथा रोकथाम

२.५.१ साल नझर्ने

२.५.२ तुहिने

२.५.३ डिस्टोकिया

२.५.४ बाँझोपन

२.६ जुनोटिक रोगहरुः दुधबाट सर्ने रोगहरु र मासुबाट सर्ने रोगहरु

२.७ पशुपंक्षीमा भिटामिन र खनिजको कमि बाट हुने रोगहरु

२.८ गाइ भैंसीका मेटाबोलिक रोगहरु

२.९ ढुसि तथा ढुसि जन्य पर्दाथबाट हुने रोगहरु

२.१० नमुना संकलन तथा संप्रेषण विधि

२.११ आधारभूत प्रयोगशाला उपकरणहरु तथा निर्मलीकरणका तरीकाहरु

**३. लाइभष्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट**

३.१ गाई भैंसीका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु

३.२ उन्नत तथा स्थानीय बाख्राका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु

३.३ उन्नत तथा स्थानीय भेडाका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु

३.४ उन्नत तथा स्थानीय सुंगुरका जातहरु, तिनीहरुको शारीरिक तथा उत्पादन विशेषताहरु

३.५ उन्नत जातका कुखुराहरुः न्यू हेम्पशायर, अष्ट्रालोर्प, व्हाईट लेगहर्न, गिरीराज तथा स्थानीय जातको कुखुरा साकिनीको शारीरिक तथा उत्पादन विशेषताहरु

३.६ पशुपंक्षी प्रजनन्का लागि छनौट तथा प्रजनन्विधि

३.७ कृत्रिम गर्भाधान विधि, पशु प्रजनन्को महत्व, कृत्रिम गर्भाधान कार्यमा उपयोग हुने उपकरणहरुको नाम तथा प्रयोग विधि, प्रजनन्संग सम्बन्धित गाई भैंसीको शरीरबाट निस्कने हरमोन बारे साधारण जानकारी

३.८ पौष्टिक तत्वहरुको वर्गीकरणः कार्बोहाइड्रेट, प्रोटिन, चिल्लो पदार्थ, भिटामिन र खनिज पदार्थ

३.९ पशुपंक्षीहरुको लागि संतुलित दाना तयार गर्ने विधि

३.१० घाँसपात संरक्षणः घाँस सुकाउने विधि, सायलेज बनाउने विधि र महत्व

३.११ परालमा युरिया प्रयोग गर्ने विधि र उपयोगिता

३.१२ उन्नत चरन घाँस तथा घाँस खेती तरीका

३.१३ कोसे घाँस स्टाइलो, बरसिम, सेन्ट्रो, बोडी, व्हाइट क्लोभर, रेडक्लोभर, कोटे, लुसर्न, डेस्मोडियम, केराउ, भेच

३.१४ घाँसः नेपियर, पारा, सेटारिया, किकियु, राइग्रास, कक्सफुट, जै

३.१५ डाले घाँसः इपिल इपिल, वडहर, कोइरालो, टाँकी, काभ्रो, पाखुरी, किम्बु, दबदबे, पैयू, बकेना, निभारो, भिमसेनपाती, बैंस, भोटेपिपल, बाँस

३.१६ प्रचलित तथा उन्नत व्यवस्था अनुसार पशुपंक्षीको गोठ र खोर बनाउन ध्यान दिनुपर्ने आधारहरु (गाई, भैंसी, बाखा, भेडा, सुंगुर, कुखुरा, खरायो)

३.१७ विभिन्न पशुपंक्षीको भाले, माउ तथा बच्चाको स्याहार सुसार तथा आहाराको व्यवस्था

३.१८ पशुपंक्षीको गोठ, खोर सफासुग्घर राख्ने र जैविक सुरक्षा विधि

३.१९ दुग्ध प्रशोधन गर्ने विधि

३.२० क्रिम, बटर, चिज, कुरौनी, घीउ, आइसक्रिम, दही बनाउने विधि

**४. फिसरिज**

४.१ माछाको परिभाषा, बाहिरी स्वरुप, विभिन्न अंग र ती अंगका कार्यहरु

४.२ नेपालमा पालिएका स्वदेशी र विदेशी माछाहरु र तिनका आहारविहार बारे साधारण ज्ञान

४.३ मत्स्य पालन पद्धतीः पोखरी मत्स्य पालन, पिंजडामा मत्स्य पालन तथा रेसवेमा मत्स्य पालन

४.४ मत्स्य पालनका तरिका (माछाको जातको आधारमा)

४.५ मत्स्य पालनका तरिका (सधनताको आधारमा)

- ४.५.१ सामान्य मत्स्य पालन
- ४.५.१ अर्ध सघन मत्स्य पालन
- ४.५.२ सघन मत्स्य पालन

४.५ एकीकृत मत्स्य पालन तथा व्यवस्थापन

- ४.५.१ धानखेतमा मत्स्य पालन
- ४.५.२ पशुपालन र मत्स्य पालन
- ४.५.३ फलफूल, तरकारी खेती र मत्स्य पालन

४.६ गाउँघरमा रहेका पुरानो पोखरीहरुमा माछा पालन तथा व्यवस्थापन

४.७ माछा पालनको लागी पोखरीको निर्माण गर्न उपयुक्त स्थलको छनौटका आधारहरु

४.८ मत्स्य पालनको लागि उपयुक्त पानी तथा माटोको गुणस्तर बारे साधारण ज्ञान

४.९ मत्स्य पालनको लागि नयाँ पोखरी निर्माण गर्ने तरिका र ध्यान दिनुपर्ने कुराहरुबारे साधारण ज्ञान

४.१० माउ माछा पोखरी व्यवस्थापन

४.११ भाले र पोथी माउ पहिचान गर्ने तरिका तथा माउ माछाको व्यवस्थापन

४.१२ ढुवानी गरिने माछा भुरामा हुनुपर्ने गुणहरु

४.१३ माछा भुरा ढुवानीको लागि कण्डिसनिङ्ग र त्यसका फाईदाहरु

४.१४ भुरा ढुवानी गरिने पानीको गुणस्तर

४.१५ पोखरीको तयारीः चून, मलखादको प्रयोग बारे जानकारी ।

४.१६ माछा भुरा स्टकिङ्ग, संख्या निर्धारण र विभिन्न जातका माछा भुराको स्टकिङ अनुपात सम्बन्धी जानकारी

४.१७ माछा उत्पादनको लागि आवश्यक आहाराहरुको पौष्टिक तत्व बारे साधारण ज्ञान र त्यसको व्यवस्थापन